# राक्सिराङ्ग गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड ०३, संख्या २, मकवानपुर, असार ०८ गते, २०७६ साल

## भाग १

## राक्सिराङ्ग गाउँपालिका

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम राक्सिराङ्ग गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सोही दफाको उपदफा (३) बमोजिम सर्व साधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

**राक्सिराङ्ग गाउँपालिकाको आ.व. २०७६/०७७ को आर्थिक ऐन २०७६**

संवत् २०७६ सालको ऐन नं. ४०

# राक्सिराङ्ग गाउँपालिकाको आर्थिक ऐन,२०७६

**प्रस्तावनाः** राक्सिराङ्ग गाउँपालिकाको आर्थिक वर्ष **२०७६/७७** को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२**८** को उपधारा (२) बमोजिम राक्सिराङ्ग गाउँसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन २०७६ साल साउन १ गतेदेखि राक्सिराङ्ग गाउँपालिका भित्र लागू हुनेछ ।

**२. सम्पती कर** : गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम सम्पती कर/सम्पती कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ।

**३. भूमि कर (मालपोत)** : गाउँपालिका क्षेत्रभित्रको जग्गामा त्यस्तो जग्गाको उपभोगको आधारमा अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ। (एकीकृत सम्पती कर लगाएको अवस्थामा भूमि कर नलाग्ने)

**४. घर जग्गा बहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम टहरा, छपपर, जग्गा वा पोखरी पुरै वा आशिंक तवरले वहालमा दिकामा त्यस्तो बहाल रकममा अनुसूचि (३) बमोजिम घर जग्गा बहाल कर लगाइने र असूल उपर गरिनेछ।

**५. व्यवसाय कर :** गाउँपालिका क्षेत्रभित्र ब्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

**६. जडिबुटी, कवाडी र जीवजन्तु कर** : गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोबार गरेबापत अनुसूची (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

**७. सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (छ) बमोजिम सवारी साधन कर लगाइने  छ र उक्त कर सम्बन्धीत प्रदेशले असूल गरी अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम स्थानीय तहको विभाज्य कोष मार्फत गाउँपालिकाको संचित कोषमा बाँडफाड गर्नुपर्ने छ ।

८. **बहाल बिटौरी शुल्क :** गाउँपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा संचालन गरेका हाटबजार, पसल वा सरकारी जग्गामा अनुसूची ७) मा उल्लेख भए अनुसार बहाल विटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**९. सेवा, शुल्क, दस्तुर :** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूची ८ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराईएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१०. कर छुट :** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई तोकिएबमोजिम भन्दा बाहेक कुनै पनि किसिमको कर छुट दिइने छैन ।

**११. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि :** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

# अनुसूचीहरु

## अनुसूची १

# ऐनको दफा २ सँग सम्बन्धीत
# सम्पती कर

सम्पत्ति कर (चैनपुर र पलासे, प्याङ्चे क्षेत्र एवं व्यावसायिक जग्गामा मात्र )

- ❖ रु. ५ लाख मूल्यांकनमा रु.२५०/-
- ❖ रु. १० लाख मूल्यांकनमा रु.५००/-
- ❖ रु. ५० लाख सम्मको मूल्यांकनमा रु.२०००/-
- ❖ सो भन्दा माथि प्रति लाख थप रु. २५/-

नोटः सम्पत्ति कर तिरेपछी मालपोत वा भूमिकर लाग्ने छैन |

# अनुसूची २
## ऐनको दफा ३ सँग सम्बन्धीत
## भूमिकर

मालपोत/भूमिकर ( सम्पत्ति कर नलाग्ने क्षेत्रमा)

| सडकले छोएको जग्गा बार्षिक | प्रतिकट्ठा | प्रति रोपनी |
|---|---|---|
| | १८/- | २७/- |
| सडकले नछोएको जग्गा बार्षिक | ६/- | ९/- |

नोटः

१. उल्लेखित दररेट जति भएतापनि जम्मा वार्षिक मालपोत रकम रु.२०/- भन्दा कम लिइने छैन | बार्षिक न्युनतम मालपोत रकम रु.२०/- लिइने छ |

२. कुनै किसानले ३ रोपनी वा ५ कट्ठा भन्दा बढी जग्गामा व्यसायिक कृषि गरेको रहेछ भने उक्त किसानलाई मालपोत रकममा ७५% छुट दिइनेछ |

# अनुसूची ३
## ऐनको दफा ४ सँग सम्बन्धीत
## घर जग्गा बहाल कर

**घरवहाल करः** बहाल रकमको १०% ले हुन आउने रकम

**नोटः** बैंक,संघ/संस्था आदिलाई अनुदान/सुबिधा आदि प्रदान गर्दा घर बहाल कर तिरेको निस्सा अनिवार्य पेश गर्न लगाउने

# अनुसूची ४
# ऐनको दफा ५ सँग सम्बन्धीत
# व्यवसाय कर

**व्यवसाय कर :**

- रु.१ लाख सम्म पुँजी हुने जुनसुकै प्रकारको खुद्र पसल
  वार्षिक रु.१००/-
- रु. १ लाख भन्दा बढी पुँजी हुने जुनसुकै प्रकारको खुद्र पसल वार्षिक रु.२००/-
- होलसेल बिक्रेता(जुनसुकै प्रकारको सामग्री)
  वार्षिक रु.५००/-
- पेट्रोलियम पदार्थ फिलिंग पम्प/केन्द्र
  वार्षिक रु.१०००/-
- बिशेषज्ञ तथा परामर्श सेवा/पेशागत व्यवसाय (व्यक्तिगत)
  बार्षिक रु.५००/-
- बिशेषज्ञ तथा परामर्श सेवा/पेशागत व्यवसाय (संस्थागत)
  वार्षिक रु.१०००/-
- निर्माण व्यवसाय (घ वर्ग बाहेक)
  बार्षिक रु.३०००/-

- ❖ प्राकृतिक श्रोतमा आधारित उद्योग

  बार्षिक रु.२००००/-

- ❖ अन्य श्रोतमा आधारित उद्योग

  बार्षिक रु.२०००/-

- ❖ घरेलु उद्योग

  बार्षिक रु.५००/-

- ❖ सेवामुलक उद्योग/बिमा/बैंक/होटेल/निजी अस्पताल, विद्यालय बार्षिक रु.३०००

**<u>नोटः</u>** पुँजीउल्लेख नभएका/हुन नसकेकाहरुको हकमा पहिलो पटकका लागि स्वघोषणाको अवसर प्रदान गर्ने

# अनुसूची ५
# ऐनको दफा ६ सँग सम्बन्धीत
# जडिबुटी कबाडी जिवजन्तु कर

## कानुनले निषेध गरेका बाहेक जडिबुटीमा लाग्ने शुल्क

| | |
|---|---|
| अमरिसो प्रति केजी | १।०० |
| कुरीलो प्रति केजी | २।०० |
| झयाउ प्रति केजी | १।०० |

# अनुसूची ६

## ऐनको दफा ७ सँग सम्बन्धीत

सवारी साधन कर

### १. सवारी साधन दर्ता तथा नविकरण कर

| | | | |
|---|---|---|---|
| | क | बस, ट्रक दर्ता तथा वार्षिक नविकरण | १०००।०० |
| | ख | जिप, कार दर्ता तथा वार्षिक नविकरण | ५००।०० |
| | ग | मिनि बस , माईक्रोबस दर्ता तथा वार्षिक नविकरण | ८००।०० |
| | घ | व्याकहो लोडर दर्ता तथा वार्षिक नविकरण | १५००।०० |
| | ङ | मोटर साइकल दर्ता तथा नविकरण | १५०।०० |

# अनुसूची ७
## ऐनको दफा ८ सँग सम्बन्धीत
बाहाल विटौरी शुल्क

**बहाल बिटौरी शूल्कः**

| अस्थाई हाट बजार वा घुम्ती पसल | |
|---|---|
| टोकरी पाच केजि सम्मको | ५।०० |
| टोकरी पाच केजि भन्दा वढिको | १०।०० |
| साइकल तथा मोटरसाइकलमा तरकारी | २५।०० |
| टायर तरकारी | १२५।०० |
| ट्याक्टर तरकारी | २५०।०० |
| माछा पसल | १५।०० |
| खसि प्रति गोटा | ३०।०० |
| पाडा प्रति गोटा | ५०।०० |
| कुखुरा प्रति ठेहा | ३५।०० |
| सुंगुर प्रति गोटा | ३०।०० |
| पारचुन पसल | २५।०० |
| रेडिमेड कपडा | ३०।०० |
| किराना तथा मिठाइ | १५।०० |
| फलाम पसल | १५।०० |
| भाडाकुडा पसल | ३०।०० |
| खैनी खुद्रा | १५।०० |

| अस्थाई हाट बजार वा घुम्ती पसल | |
|---|---|
| टर्चलाइट मर्मत | १०।०० |
| छाता मर्मत | १०।०० |
| हजाम | १०।०० |
| खेलमादरी | २०।०० |
| फलफुल विक्रेता | ३०।०० |
| खानेतेल,मट्टितेल विक्रेता | १५।०० |
| चट्पटे विक्रेता | २५।०० |
| चामल,दाल विक्रेता | २५।०० |
| सरसामनको प्रचार प्रसार | १००।०० |
| कुम्हाले भाडा विक्रेता | २५।०० |
| मिठा प्रति पसल | १५।०० |
| मासु भुजाई | १५।०० |
| पाउरोटी,वरफ,आइक्रिम | १५।०० |
| जुत्ता चप्पलको पसल | २५।०० |
| इलेक्ट्रोनिक पसल | २५।०० |

# अनुसूची ८

## ऐनको दफा ९ सँग सम्बन्धीत

### शुल्क तथा दस्तुर

सेवा शुल्क, दस्तुरः

| | | | |
|---|---|---|---|
| १ | **नक्सा पास दस्तुर** | | |
| क | नक्सा पासको निवेदनको किताव | | ३००।०० |
| ख | नक्सापास वेशमेन्ट भूइ तल्ला देखि पाच तल्ला सम्म (प्रति वर्ग फुट) | | ३।०० |
| ग | नक्सा नामसारी दस्तुर | | ५००।०० |
| २ | **गाउपालिका क्षेत्रमा घर पर्खाल बनाउन नक्सापास गरिपाउं भनी दिएको निवेदन बमोजिम नक्साको आधारमा(घर,पर्खाल/टहराअनुमति बनाउन नक्सापास गरिदिंदा) देहाय बमोजिमको दस्तुर लिइने छ ।** | | |
| ३ | **प्रत्येक तलाका लागि माथिको दरररेटमा १० प्रतिसतका दरले थप दस्तुर लाग्ने छ ।** | | |
| ४ | घर नक्साको प्रतिलिपी माग भएमा प्रति सेट | | ४००।०० |
| ५ | पर्खालको नक्साको प्रतिलिपी | | ५००।०० |
| ६ | **वस्तुगत विवरण प्रमाणित दस्तुर (घरगोठ भए नभएको)** | | |
| | क | जग्गाको क्षेत्रफल पहिलो एक विघासम्म | २००।०० |
| | ख | जग्गाको क्षेत्रफल एक बिघाभन्दा माथि प्रति कित्ता | ५००।०० |
| | नोटः | ५ कठ्ठा भन्दा बढी जग्गाकोक्षेत्रफल धुरमा आएमा धुर जग्गाको सिफारिस शुल्क गणना गर्दा कठ्ठा सरह गरिने छ । | |

| | | | | |
|---|---|---|---|---|
| ७ | **कान्जी हाउस दस्तुर :** गाउपालिका क्षेत्रभित्र पशुपंक्षी छाडा भै बाली, विरूवा नोक्सानी गरेको वा गर्ने सम्भावना देखिएमा त्यस्ता पशुपंछीहरूलाई गाउपालिकाले कान्जि हाउसमा थुनी राखिदिने । समातेर ल्याएको भोलि दिन सम्म तोकिए बमोजिमको दस्तुर र भोलिपल्टसम्म सम्बन्धित ब्यक्ति फिर्ता लिनआएमा पहिलो दिनको दस्तुरमा दोब्बर दस्तरु जरिवाना लिई छाडिने छ । | | | |
| | क. | बंगुर, सुंगुर आदिमा १ को जरिवाना प्रति दिनको | | ५०।०० |
| | ख. | गाई, गोरू, रांगा, भैसी आदिमा प्रति १ को जरिवाना प्रति दिनको | | १००।०० |
| | ग. | खसी, बाख्रा आदिमा १ को जरिवाना प्रति दिनको | | १०।०० |
| ८ | **सिफारिस शुल्क** | | | |
| | | विद्युत जडान सिफारिस दस्तुर : | | **प्रतिलाख रू** २० |
| | | योजना माग, सम्झौता,रनिङ्गवील,भुक्तानी सिफारिश | | |
| | | क. | थ्री फेस जडान | १०००।०० |
| | | ख. | पसलमा बिद्युतजडानका लागी | २००।०० |
| | | ग. | गार्हस्थ (घरायसी) प्रयोजनका लागी | १००।०० |
| | | घ | बिधुत लाईन ठाउं सारी | १००।०० |
| | | ञ. | खानेपानी जडान सिफारिस दस्तुर | ५०।०० |
| | | च. | चौहद्धि (चार किल्ला) प्रमाणित | १५०।०० |
| | | छ. | अंग्रेजी भाषाबाट दिइने प्रति प्रमाणित सिफारिसमा ( अंग्रेजी भाषाबाट | २००।०० |

| | | | | |
|---|---|---|---|---|
| | | | दिईने छात्र वृत्ति समेत ) | |
| | | ज. | नागरिकता सिफारिस | ५०।०० |
| | | झ. | जन्ममिति प्रमाणीत नेपालीमा | १००।०० |
| | | ञ. | विवाह मिति प्रमाणीत नेपालीमा | १००।०० |
| | | ट. | चरित्र प्रमाणीत नेपालीमा | १००।०० |
| | | ठ. | नामथर संसोधन सिफारीस नेपालीमा | १००।०० |
| | | ड. | अविवाहित प्रमाणीत नेपालीमा | १००।०० |
| | | ढ. | कोष प्रमाणीत नेपालीमा | १००।०० |
| | | ण. | चौहदी प्रमाणित | २००।०० |
| | | त. | सर्जिमन मुचुल्का दस्तुर | १००।०० |
| | | थ. | घटना दर्ता जरिवाना(**नियमानुसार**) | ५०।०० **सम्म** |
| | | द. | नागरिकता प्रतिलिपी | १००।०० |
| | | ध. | जनजाती, दलित, पीछडिएका वर्ग मधेशी आदि अदालती तारीख आदी प्रमाणीत सीफारीसमा नेपालीमा | १००।०० |
| | | न. | अन्य सीफारीसमा | १००।०० |
| | | प. | अन्यत्र ठेगाना भएका यस गाउपालिका क्षेत्र भित्र रहेका सरकारी वा सरकारी | २००।०० |

| | | | | |
|---|---|---|---|---|
| | | | कार्यालय र सरकारको स्वामित्वमा रहेको प्रतिष्ठानका कर्मचारीहरूको परिवारको नागरिकताको सिफारिस गर्दा प्रति सिफारिस | |
| | | फ. | अंगिकृत नागरीकता सिफारीसमा | २००।०० |
| | | ब. | कोर्ट फि सिफारिसमा | नि:शुल्क |
| | | भ. | नाबालक सिफारिस (नेपालीमा) | १२०।०० |
| | | म. | घट्ना दर्ता सिफारिस | १००।०० |
| | | य | घट्ट नामसारी सिफारिस | १००।०० |
| | | र. | घट्ट नविकरण दस्तुर वार्षिक | ५००।०० |
| | | ल. | मिलापत्र दसतुर | १००।०० |
| | | व. | नाता सम्वन्ध प्रमाणीत (नेपाली भाषमा ) | १००।०० |
| | | स. | नाता सम्वन्ध प्रमाणीत (अग्रेजी भाषमा ) | २००।०० |
| | | ष. | गैर सामाजिक संघसस्था दर्ता सिफारिसमा | ५००।०० |
| ९ | | **नामसारी सिफारिस शुल्क** | | २००।०० |
| | | उद्योग दर्ता सिफारिस : | | |
| | | क. | पेट्रोल , डिजेल, | २०००।०० |

| | | | | |
|---|---|---|---|---|
| | | | मट्टीतेल पम्पको लागि | |
| | | ख. | अटो मोबाइल, अटो वर्क्ससपको लागि | १०००।०० |
| | | ग. | फर्निचर उद्योग | १०००।०० |
| | | घ. | अन्यको लागि सर्जमिन समेत | ६००।०० |
| | | ङ | घरेलुमा दर्ता भै प्रा लि को सफिारीसका लागि | ५००।०० |
| १० | | काठको सिफारिस दिंदा (वातावरण सम्बर्द्धन शुल्क): | | |
| | | क. | जर्ना प्रति टिप | १०००।०० |
| | | **सामुदायिकवनबाट निकासी हुने काठहरूमा सिफारिस दस्तुर** | | |
| | | सामुदायिक वनबाट निकासी हुने ुकाठहरूमा सिफारिस दस्तुर प्रति क्यू फिट | | १०।०० |
| | | उपभोक्ता समितिलाई प्रति क्यू फिट | | ५।०० |
| | | सामुदायिकवनबाट निकासी हुन कुकाठहरुमा सिफारिस दस्तुर प्रति क्यू फिट | | ५।०० |
| | | सामुदायिक बनबाट उत्पादन भै खपत हुने कुकाठ (उपभोक्ता समितिका लागि) प्रति क्यु फिट | | २।०० |
| | | उपभोक्ता समितिलाई प्रति क्यू फिट | | १०।०० |
| ११ | **नामसारी गर्दा देहायका बस्तुहरूमा देहाय बमोजिमको सिफारिस दस्तुर लाग्ने छ :** | | | |
| | | क. | ट्रक तथा बसहरूमा | ५००।०० |
| | | ख. | प्रति रिक्सा फ्रेम | १००।०० |

| | | | | |
|---|---|---|---|---|
| | | | परिवर्तन दस्तुर | |
| | | ग. | ब्यवसाय नामसारी , नाम परीबर्तन, शंशोधन र ठाउसारी दस्तुर | ५००।०० |
| | | घ. | टेम्पो तथा टयाक्टरहरूमा | ४००।०० |
| | | ङ. | माईको बस | ४००।०० |
| | | च. | मोटरसाइकलमा | २००।०० |
| | | छ. | रिक्सा रोक्का दस्तुर | १००।०० |
| | | ज. | ठेलागाडाहरूमा | ५०।०० |
| | | झ. | विद्युतिय वा ई रिक्सा | २००।०० |
| १२ | **अचल सम्पत्ति मूल्यांकन दस्तुर प्रति लाख दस्तुर (रु.५००० नबढ्ने गरि)** | | | ५०।०० |
| १३ | क) घर जग्गा नामासारी, हकभोग प्रमाणित, मोही लगत कट्टा, मोही नामसारी ५ कठ्ठा सम्म | | | २००।०० |
| | ख) घर जग्गा नामासारी, हकभोग प्रमाणित, मोही लगत कट्टा, मोही नामसारी ५ कठ्ठा भन्दा माथि प्रति कठ्ठा थप हुदै जाने | | | ५०।०० |
| | ग) एकासगोलको घर जग्गा नामासारी, हकभोग प्रमाणित, प्रति १ कठ्ठा सम्म प्रति सिफारिस रू. १००/०० त्यसपछि थप रू. १०/ | | | १०।०० |
| | प्रचलित नेपाल कानुन, गाउँपालिका द्वारा स्वीकृत कानुनमा उल्लेख भएका र यसमा उल्लेख नभएका शिर्षकहरुको दररेट सोहि कानुनहरुमा उल्लेख भए बमोजिम हुनेछ | | | |

**आज्ञाले**

**रामकुमार पुडासैनी**

**प्रमुख प्रशासकीय अधिकृत**